# उच्च अदालत जनकपुर

धनुषा

(प्रशासन शाखा)

फोन नं. ०४१-५२१०७४
०४१-५२१०७२
०४१-५२८१७३
Fax N. ०४१-५२७२९७
Email–infoacjanakpur@acourt.gov.np

प.सं

च.नं. ५२९४८

मिति २०७८।२।२५

## यस अदालतबाट जारी भएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको न्यू भेरिएन्ट कोभिड-१९ को संक्रमणको जोखिमलाई नियन्त्रण रोकथाम र उपचारको लागि मिति २०७८/०१/१४ को सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णय र जिल्ला प्रशासन कार्यालय धनुषाको मिति २०७८/०२/२४ को निर्णय अनुसार मिति २०७८/०२/२५ गते राति १२:०० बजे देखि मिति २०७८/०२/३१ गते राति १२:०० बजे सम्म धनुषा जिल्लामा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिमको धनुषा जिल्ला भरीको लागि आदेश जारी भएको परिप्रेक्ष्यमा मिति २०७८/०२/२५ गते देखि मिति २०७८/०२/३१ गते सम्म यस अदालतबाट प्रवाह हुँदै आइरहेको सेवाहरु मध्ये सुरक्षाको मापदण्ड पालना गरी तपसिल बमोजिमका सेवाहरु मात्र संचालन गर्ने निर्णय भएको बेहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई,
२. कोभिड-१९ सँग सम्बन्धित रिट निवेदन दर्ता र सुनुवाई,
३. यस अदालतबाट सुरु कारवाही किनारा हुने मुद्दामा पक्राउ पुर्जी जारीको अनुमती, जरुरी पक्राउ पूर्जीको अनुमति स्वीकृति, म्याद थप, अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश,
४. कसूर कायम भई सजाय निर्धारणका लागि तोकिएको मुद्दाहरुको सुनुवाई,
५. बालबालिका सम्वन्धी परेको निवेदन दर्ता र सुनुवाई ।
६. मुलुकी फौजदारी कर्यविधि संहिता, २०७४ को दफा १५५ वमोजिम परेको निवेदन दर्ता र सुनुवाई ।
७. उक्त अवधिमा सुनवाई हुने मुद्दाको निवेदन, दर्ताको समय बिहान ११.०० बजे देखि दिनको ३.०० बजे सम्म हुने,
८. यस अदालतबाट हुने काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको अवधिको लागि मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद तथा तारेख गुज्रेको मानिने छैन् । सो अवधिका म्याद तारेख हदम्याद कानून वमोजिम थमाउन सकिने।

कुवेर कुमार ढुङ्गेल
शाखा अधिकृत

शाखा अधिकृत